नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्या : २६/२०७५-७६ मिति: २०७६/०१/२७

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरू, इजाजतपत्र प्राप्त "क" र "ख" वर्गका बैंक/वित्तीय संस्थाहरू तथा अन्य इजाजतपत्रप्राप्त संस्थाहरु

**विषय : एकीकृत परिपत्र - २०७४ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोवार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायहरुलाई जारी गरिएको एकिकृत परिपत्र-२०७४ मा देहाय बमोजिम संशोधन तथा थप गरिएको हुँदा सोही वमोजिम गर्नु/गराउन हुन विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

एकीकृत इ.प्रा. परिपत्र, २०७४ को परिपत्र नं. ०७/२०७४ को दफा (१२) खण्ड (ख) लाई हटाई देहाय बमोजिम कायम गरिएको छ ।

(ख) नेपाली टुर अपरेटर मार्फत् कैलाश मानसरोवर, तिब्बत जाने भारतीय पर्यटक समूहलाई नेपाली टुर अपरेटर ले विक्री गरेको कैलाश जाने टुर प्याकेजलाई व्यवस्थापन गर्ने सम्बन्धमा तिब्बतस्थित सम्बन्धित निकायमा जम्मा गर्नुपर्ने रकमको लागि टुर अपरेटरले सटही सुबिधा माग गरेमा देहायका आधारमा सटही सुविधा उपलब्ध गराउन सकिने छ ।

१. टुर अपरेटरले नियमानुसार नेपाल राष्ट्र बैंकबाट विदेशी विनिमय कारोवारको इजाजत पत्र लिएको हुनुपर्नेछ ।

२. प्राप्त भएको प्याकेजवापतको रकमको टुर अपरेटरले Tax Invoice जारी गरेको हुनुपर्नेछ ।

३. टुर प्याकेजको रकम पठाउँदा तिब्बतस्थित निकायले जारी गरेको यात्रु संख्या र दर उल्लेख भएको इन्भ्वाइस प्राप्त गरेको हुनु पर्नेछ । Credit Invoice पेश भएको अवस्थामा खर्च भएको Invoice पेश गर्न लगाई बैंकले फाइल अद्यावधिक गर्नुपर्नेछ ।

४. तिब्बत भ्रमणमा जाने भारतीय नागरिकको राहदानी तथा भिसाको प्रतिलिपि संग्लन हुनुपर्ने छ ।

५. सटही प्राप्त गर्न नेपालको टुर अपरेटरले बनाएको टुर प्याकेज भारतीय नागरीकले खरिद गरेको हुनु पर्नेछ ।

६. टुर अपरेटरले भारतीय पर्यटकबाट रकम प्राप्त गर्दा निम्न बमोजिम गरेको हुनु पर्नेछ :

(क) भारतीय पर्यटकले नियमानुसार साटेको अमेरिकी डलरको निस्साको आधारमा नेपालको टुर अपरेटरको डलर खातामा अमेरिकी डलर जम्मा गर्न सकिने छ ।

(ख) यसरी नगद अमेरिकी डलर स्वीकार गर्दा नियमानुसार FEER जारी गरेको हुनु पर्नेछ ।

क्रमश:

(ग) भारतीय पर्यटकले भारतको बैंक/वित्तीय संस्थामार्फत टुर अपरेटरको नेपाली खातामा भा.रु. समेत रकमान्तर गर्न सक्ने छन्।

(घ) नेपाल राष्ट्र बैंकले भारतीय मुद्रा सटही सम्बन्धमा जारी गरेको निर्देशनको अधिनमा रही भारतीय पर्यटकले ल्याएको भारतीय मुद्रा टुर अपरेटरले स्वीकार गरी बैंकमा जम्मा गरेको हुनुपर्नेछ।

७. उपरोक्त बमोजिम जम्मा भएको तथा प्राप्त हुन आएको रकमबाट तातोपानी वा केरुङको मार्ग भई जाने पर्यटकको हकमा पर्यटकबाट प्याकेज वापत प्राप्त भएको रकमको प्रचलित दरमा युयान वा अमेरिकी डलर चीनको स्वशासित क्षेत्र तिब्बतको ल्हासास्थित सरकारी निकाय, Foreign Exchange Center वा Center ले तोकेको बैंक एवम् सम्बन्धित निकायको खातामा जम्मा रकमको ७०% सम्म पठाउन सकिने छ।

८. तातोपानी वा केरुङ नाका बाहेक अन्य नाकाबाट कैलाश मानसरोवर तिर्थयात्रामा जाने भारतीय पर्यटकहरुको लागि पर्यटकबाट प्याकेज वापत प्राप्त भएको विदेशी मुद्राको बढीमा ५०% रकमसम्म तिब्बतको सम्बन्धित निकायलाई पठाउन सकिने छ।

९. कथम्कदाचित भ्रमण कार्यक्रम रद्द भएमा पठाएको रकम फिर्ता गर्ने जिम्मेवारी सटहीको लागि अनुरोध गर्ने टुर अपरेटरको हुनेछ।

१०. माथि खण्ड (ख) को (१०) बमोजिम फिर्ता भएको विदेशी मुद्रा बापत सम्बन्धित बैंकले ट्राभल्स तथा टुर अपरेटरलाई नेपाली रुपैयाँमा सटही दिनु पर्नेछ। यसरी प्राप्त नेपाली रुपैयाँमा सम्बन्धित पर्यटकले भारत पठाउन चाहेमा बैंकले ड्राफ्ट, टीटी आदि बैकिङ्ग उपकरणको माध्यमबाट पठाउन सकिने छ।

११. इजाजतपत्र प्राप्त टुर अपरेटरहरुले यसरी सटही लिई रकम पठाएको र भ्रमण रद्द भई रकम फिर्ता भएको विवरण मासिक रुपमा यस विभागको अनुगमन शाखामा पेश गर्नुपर्ने छ।

भवदीय,

(सरिता भट्ट (अधिकारी))
का.मु.कार्यकारी निर्देशक

बोधार्थ:

१. श्री गभर्नरको कार्यालय
२. श्री डेपुटी गभर्नरको कार्यालय
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा
४. श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
५. श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय।
६. श्री नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग
७. श्री नेपाल सरकार, राजश्व अनुसन्धान विभाग
८. श्री नेपाल सरकार, भन्सार विभाग
९. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग
१०. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग
११. श्री नेपाल राष्ट्र बैंक, विकास वैंक सुपरिवेक्षण विभाग
१२. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग
१३. श्री नेपाल बैंकर्स संघ
१४. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन
१५. श्री नेपाल उद्योग वाणिज्य महासंघ
१६. श्री नेपाल उद्योग परिसंघ
१७. श्री नेपाल चेम्बर अफ कमर्श